आज मिति २०७४ साल माघ महिनाको ५ गते शुक्रवारका दिन दिनको ठिक ११.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**तपशिल :**

श्री किसान गुरुङ्ग , नगर प्रमुख, शुक्लागण्डकी नगरपालिका कार्यालय

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

**अन्य उपस्थिति :**

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख ।

निर्णय नं. १

नगरपालिकाका क्षेत्रभित्र वेवारिसे रुपमा भेटिएका मानव शव एव मृत चौपाय व्यवस्थापन गर्न प्रति मानव शव व्यवस्थापनका लागि रु ७५००।–(अक्षेरुपी रु सात हजार पाच सय मात्र) र प्रति मृत चौपाय (गाई,गोरु) व्यवस्थापनका लागि रु १५००।–(अक्षेरुपी रु एक हजार पाच सय मात्र ) रकम उपलब्ध गराउने ।

निर्णय नं. २

नगरपालिका कार्यालय हाताभित्र नगर सभाहल र ४ नं. वडा कार्यालयको भवन निर्माण कार्य अघि वढाउनको लागि त्यस क्षेत्रमा भएको रुखहरुलाई कटान गर्न आवश्यक प्रक्रिया अघि वढाउने ।

निर्णय नं. ३

शिक्षा नियमावली २०७४ ,को नमुना कानुनलाई अध्ययन गरि आवश्यक संशोधन सहितको प्रतिवेदन ३ दिन भित्र नगर कार्यपालिकामा पेश गर्न तपशिल बमोजिमको ५ सदस्यीय कार्यदल गठन गर्ने

संयोजक : श्री किसान गुरुङ्ग , नगर प्रमुख

सदस्य : श्री सविता रसाईली , नगर उप प्रमुख

सदस्य : श्री काशी राम गैरे , प्रमुख प्रशासकीय अधिकृत

सदस्य : श्री खिम बहादुर कुमाल , सदस्य , नगर कार्यपालिका

सदस्य : श्री रामचन्द्र भण्डारी , सदस्य , नगर कार्यपालिका

सदस्य : श्री रिता कुमारी भुजेल , सदस्य , नगर कार्यपालिका

सदस्य : श्री धन नारायण श्रेष्ठ , शिक्षा शाखा प्रमुख

निर्णय नं. ४

शुक्लागण्डकी नगरपालिकाको दोश्रो नगरसभा मिति २०७४।१०।२९ गते सोमबारको दिन आयोजना गर्ने ।

निर्णय नं. ५

नगर कार्यपालिकाकाले न्यायिक समितीका लागि कानुनी सल्लाहाकारको रुपमा नियुक्ति गरेको कानुनी सल्लाहाकार श्री शिवदत्त ढकाल ज्युलाई मासिक रु १५,०००।– (अक्षेरुपी रु पन्ध्र हजार मात्र ) मात्र उपलब्ध गराउने ।

निर्णय नं. ६

मिती २०७४।०९।०६ गते बसेको नगर कार्यपालिकाको वैठकको निर्णय नं. २ अनुसार वडा नं. ३ को खानेपानी योजनाको नाम तथा छुट्याइएको वजेट तपशिल अनुसार संशोधन गरिएको छ ।

१) कसेरी डाडा खा. पा.यो : रु १,८०,०००।– (अक्षेरुपी रु एक लाख असी हजार मात्र )

२) रातमाटा उदेनढुङगा खा. पा.यो : रु ४,००,०००।– (अक्षेरुपी रु चार लाख मात्र)

३) दुरुङचुङ टपरगाँउ खा.पा.यो : रु ३,००,०००।–(अक्षेरुपी रु तिन लाख मात्र)

४) ठुलो स्वारा खा.पा.यो : रु १,२०,०००।–(अक्षेरुपी रु एक लाख विस हजार मात्र )

निर्णय नं. ७

शु.न.पा वार्ड नं. ५ स्थीत डण्डुरे खोला नियन्त्रणका लागि पोखेरे घारीमा ब्राईटटोल विकास संस्थालाई साना सिंचाई तथा नदि नियन्त्रण शिर्षकबाट रु ३,००,०००।–(अक्षेरुपी रु तिन लाख रुपैया मात्र ) विनियोजन गर्ने ।